नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/०५/१९ गते ।

## प्रेस विज्ञप्ती-१९

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

जिल्ला सप्तरी कृष्णासरवन गा.पा. वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा-१४ कुलेश्वर बस्ने बर्ष ३८ का रंजिता कुमारी देवले एभरेष्ट वैंक लिमिटेड, कालीमाटी शाखा कार्यालय, काठमाडौंमा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा फैसला गर्दै प्रतिवादी रंजिता कुमारी देवलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा जम्मा ६ (छ) दिन कैद र रु. १७,७७,१८०/-(सत्र लाख सत्तहत्तर हजार एक सय असी रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०५/१९ गते जिल्ला काठमाडौं, मैत्रीनगर,किर्तिपुरबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेकोमा अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय सुन्धारा,काठमाडौंमा पठाईएको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | रंजिता कुमारी देव |
| **उमेर:** | ३८ बर्ष |
| **ठेगाना:** | जिल्ला सप्तरी कृष्णासरवन गा.पा. वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा-१४ कुलेश्वर |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | ६ (छ) दिन कैद र रु. १७,७७,१८०/- |
| **फैसला मिति:** | २०७९/०३/२४ गते ।(२थान)<br>२०७९।०३।१३ गते ।(१थान) |
| **पक्राउ मिति:** | २०७९/०५/१९ गते । |
| **पक्राउ स्थान:** | मैत्रीनगर,किर्तिपुर । |



**उप निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०७९/०५/१९ गते ।